# सम्पत्ति शुद्धीकरण अनुसन्धान विभाग, पुल्चोक ललितपुर

प्रेस विज्ञप्ति

(प्रकाशित मितिः २०७९/६/६)

प्रतिवादी, जिल्ला सिराहा सिराहा न.पा. वडा नं. २२ हकपारा घर भई हाल सिराहा जिल्ला, सिराहा नगरपालिका वडा नं. ७ बस्ने दुखी यादवको छोरा बर्ष ४३ को शिवनाथ यादवले भारतबाट नेपाल तर्फ ल्याउदै गरेको  नेपाली रुपैया रु. ३१, ८९०००।- उपर सम्पत्ति शुद्धीकरणको कसुरमा अनुसन्धान तथा कारवाही हुन भन्ने व्यहोराको जिल्ला प्रहरी कार्यालय सिराहाको च.नं. ४२०७ मिति २०७७/९/२६ गतेको पत्रबाट प्राप्त सूचना उपर सम्पत्ति शुद्धीकरणको कसुरमा जाँचबुझ तथा अनुसन्धान हुँदा प्रतिवादी सुभाष कुमार श्रेष्ठबाट प्राप्त गरेको अवैध सुन प्रतिवादी शिवनाथ यादवले भारतीय भूमिमा लगी विक्री गरी सो विक्रीबाट प्राप्त रकम रु. ३१८९०००।- भारतीय भूमिबाट नेपाल तर्फ स्थानान्तरण गर्दै गर्दाको अबस्थामा बरामद एवं पक्राउ परेको अबस्था देखिनुका साथै प्रतिवादीहरुले तस्करीबाट आर्जित सम्पत्तिको गैरकानूनी स्रोत लुकाउने, छल्ने, सो सम्पत्तिको सही प्रकृति, स्रोत स्थान आदि बदल्ने एवं छल्ने तथा सो रकम प्राप्ति र धारण गर्ने लगायत सम्पत्ति शुद्धीकरण (मनी लाउण्डरिङ) निवारण ऐन, २०६४ को दफा ३ को उपदफा (१) को देहाय खण्ड (क)(ख)(ग) ले निषेधित कार्य गरी गराई ऐ. दफा ३ को उपदफा (३) को सम्पत्ति शुद्धीकरणको कसुर अपराध गरेको तथ्य पुष्टि हुन आएकाले प्रतिवादीहरु शिवनाथ यादव र प्रतिवादी सुभाष कुमार श्रेष्ठलाई जनही वीगो रु. ३१८९०००।- कायम गरी सम्पत्ति शुद्धीकरण (मनी लाउण्डरिङ) निवारण ऐन, २०६४ को दफा ३० को उपदफा (१) बमोजिम वीगोको दोब्बर जरिवाना र कसुरको गाम्भीर्यता अनुसार कैद सजाय हुनका साथै बरामद भई हाल धरौटी खातामा जम्मा रहेको वीगो वापतको रु. ३१८९०००।- ऐ. ऐनको दफा ३४ को उपदफा (१) को देहाय खण्ड (क) बमोजिम जफत गरी पाउन मागदावी लिई आज सम्मानित विशेष अदालत काठमाडौं समक्ष अभियोग पत्र दायर गरिएको छ ।

२०७९।६।६

ऋषिराम पोखरेल

सूचना अधिकारी